धनगढीमाई नगरपालिका
Dhangadhimai Municipality
नगर कार्यपालिकाको कार्यालय
Office of The Municipal Executive
धनगढी, सिरहा, मधेश प्रदेश नेपाल
Dhangadhi, Siraha, Madesh Province, Nepal
www.dhangadhimaimun.gov.np
mundhangadhi@gmail.com
033-545238

प.सं.(Letter No.): २०७९/०८०
च.नं.(Ref.No.): ६६५

मितिः२०७९/०७/२९

**बिषयः टयूसन कक्षा सञ्चालन सम्बन्धमा।**

**श्री वडा कार्यालयहरु (१-१४) सबै,**
**धनगढीमाई नगरपालिका, सिरहा ।**

उपरोक्त सम्बनधमा यस धनगढीमाई नगरपालिकाको आ.व.२०७९/८० को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत यस नगरपालिका भित्रका दलित, गरिब तथा विपन्न बस्तीहरुमा टयुसन कक्षा सञ्चालन गर्ने भनी बजेट विनियोजन भएको छ । मिति २०७९/०७/२० गतेको नगर शिक्षा समितिको निर्णयानुसार यस नगरपालिकाको सम्पूर्ण वडाहरुमा बढीमा ५ (पाँच) वटा ट्युसन केन्द्र रहने व्यवस्था छ । प्रति केन्द्रमा कम्तीमा २५ जना विद्यार्थीहरु रहने गरी बढीमा ५ वटा केन्द्र रहने गरी टयूसन पढने विद्यार्थीहरुको संख्या यकिन गरी यस कार्यालयमा पठाउनु हुन र ट्युसन पढ्ने विधार्थी संख्याको आधारमा ट्युसन केन्द्र तथा टयूसन कक्षा पढाउने सहजकर्ताको संख्या एकिन गरी पठाउनु हुनका साथै सहजकर्ता १०+२ पास गरेको हुनु पर्ने तथा पारिश्रमिक मासिक रु.७०००/- (अक्षरेपी सात हजार) मात्र उपलब्ध गराउने । टयूसन कक्षा २०७९ मंसिर देखि २०७९ फाल्गुन सम्म सम्बन्धित वडा, बस्तीहरुमा सञ्चालन तथा व्यवस्थापन गर्नु हुनको साथै टयूसन कक्षा पढाउने सहजकर्ता छनोट गरी सहजकर्ताको नामावली विवरण, नेपाली नागरिकताको प्रमाण पत्र, शैक्षिक योग्यताको प्रमाण पत्र सहित सहजकर्तालाई दुई पक्षीय सम्झौताको लागि यस कार्यालयमा सम्पर्क राख्न पठाउनु हुन अनुरोध छ।

प्रमुख प्रशासकीय अधिकृत